"१६ दिने लैङ्गिक हिंसा विरुद्धको सचेतनामुलक अभियान"

कोहलपुर नगरपालिकाको अभियान !

हिंसा रहित शान्तिपूर्ण समाज !!

समयको गति सँग-सँगै सामाज विकास पनि गतिसिल रुपमा अगाडि बढिरहेको हुन्छ । समाजको विकास र गति सँग-सँगै मानिसका चाहाना र आवश्यकताहरु पनि बढ्दै जान्छन् र मानिसका त्यस्ता चाहनाहरुले नयाँ प्रविधिको माग गरिरहेको हुन्छ । प्रविधिको विकाससँगै तिब्र रुपमा बढिरहेका मानिसका चाहाना, आवश्यकता तथा अपेक्षाहरु परिपूर्ति गर्न मानिस स्वय्म मानवता विरोधी क्रियाकलाप गर्न अग्रसर भइरहेका हुन्छन् । गतिसिल र विकाससिल समय सँग-सँगै समाजमा हुने विभिन्न प्रकारका अपराध तथा हिंसाजन्य कार्यहरु नियन्त्रण गर्न राज्यको तर्फबाट विभिन्न कानूनको निर्माण गरी लागू गरिएका हुन्छन् ।

हरेक मानिसको चाहना शान्ति पूर्वक मानव अधिकारको उपयोग गर्दै जीवन यापन गर्नु नै रहेको हुन्छ र हुनु पर्दछ । राज्यले पनि व्यक्तिको त्यो चाहना र आवश्यकतालाई पूरा गर्न कानूनको निर्माण गरी मानिसको स्वतन्त्रता, शान्तिपूर्ण जीवन यापनमा अवरोध गर्ने क्रियाकलाप नियन्त्रण गर्न कानूनको व्यवस्था गरेका हुन्छन् । विशेषतः महिला बालबालिका समाजका व्यक्ति प्रति बढी आश्रित र संरक्षीत हुन्छन् । ती व्यक्तिहरु माथि हुने अपराधजन्य र हिंसाजन्य कार्य रोक्न विशेष प्राथमिकता दिएको हुन्छ । विशेषतः परिवार भित्र वा समाज भित्रबाट हुने पीडा, घरेलु हिंसा तथा अन्य पीडाजन्य कार्यहरुबाट पीडित हुन पुगेका व्यक्तिहरु अन्ततः मानव बेचबिखन वा ओसार-पसार जस्तो मानवता विरोधी अपराधका शिकार भई पीडित हुन पुग्छन् । यस्ता घरपरिवार तथा समाजमा हुने अपराधजन्य तथा हिंसाजन्य क्रियाकलाप रोक्दै सम्मान पूर्ण जीवन यापन गर्ने वातावरण श्रृजना गर्न कोहलपुर नगरपालिकाद्वारा प्रस्तुत सचेतनात्मक अभियान मार्फत शान्तिपूर्ण समाज निर्माणका लागि अपराध र हिंसाजन्य क्रियाकलाप अन्त्य गर्न यस्ता मानवता विरोधी अपराध विरुद्ध एकजुट हुन आह्वान गर्दछ ।

मानव बेचबिखन तथा आसार-पसार (Trafficking)

यो एउटा मानवता विरोधी जघन्य अपराध हो । समय र समाजको विकास सँग-सँगै यसको स्वरुप, क्षेत्र पनि परिवर्तन हुँदै गइरहेको छ । (हिजो) विगतका दिनहरुमा भारतमा मात्र वेश्यावृत्ति रुपमा सिमित बेचबिखन जन्य कार्य आज वैदेशीक रोजगारको नाममा खाडी मुलुक लगायत अन्य विभिन्न देशहरुमा नेपाली नारीहरु नारकिय जीवन बिताउन बाध्य पारिएका छन्, बेश्यावृत्ति लगायत श्रम शोषण, अंग प्रत्यारोपण समेतका लागि मानिस बेच्ने र किन्ने घटना दिनानुदिन भइरहेका खबरहरु सार्वजनिक भइरहेका छन् । यस्तो प्रवृत्ति एक संगठित अपराध समेत हो । यसको रोकथामको लागि मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ र सो को नियमावली २०६५ रहेको छ ।

कसैले पनि मानव बेचबिखन तथा ओसार-पसार गर्न हुँदैन भनि दफा ३(१) मा व्यवस्था गरेको छ भने ऐ.४(१) मानव बेचबिखन र ओसार-पसारको परिभाषा गरेको, (क) कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानून बमोजिम वाहेक मानिएको अंग झिक्ने, (घ) बेश्या गमन गर्ने ऐ.दफा ४(२) ओसार-पसार भन्नाले (क) बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी झुक्याई कुनै पनि प्रकारले नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई ओसार-पसारको अपराध मानेको छ ।

यस्तो अपराध कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजूर दिन सक्ने व्यवस्था छ । सजायको हकमा अवस्था हेरी अधिकतम बीस वर्ष सम्म कैद र दुई लाख सम्म जरिवाना र आवश्यक क्षतिपूर्तिको व्यवस्था गरेको छ । यो अपराधमा उजूरकर्ताको र पीडितको नाम गोप्य रहन्छ । बन्द इजलासबाट सुनुवाई हुन्छ र पीडित वा उजूरकर्ताको सुरक्षाको व्यवस्था कानूनले गरेको छ ।

जबरजस्ती करणी (Rape)

यो विशेषतः महिला वा बालिका पीडित हुने अपराध हो । महिलाको अस्मीता र इज्जत सँग जोडिएको अपराध जघन्य अपराध भित्र पर्दछ। मुलुकी फौजदारी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद १८ करणी सम्बन्धी कसुरमा यसको व्यवस्था गरिएको छ । जसको दफा २१९(१)(२) मा "कसैले कुनै महिलालाई निजको मन्जूरी नलिई करणी गरेमा वा मन्जूरी लिएर भएपनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ" भनी परिभाषा गरेको छ । अनुचित प्रभाव, डर, त्रास, अपहरण लिएको मन्जूरीलाई मन्जूरी भएको मानिदैन । यस्तो अपराधमा १० वर्ष कम उमेरको बालिका पीडित भए सो गर्ने व्यक्तिलाई १६ वर्ष देखि २० वर्ष सम्म, दश वर्ष देखि १४ वर्ष मुनिकी पीडित भए १४ वर्ष देखि १६ वर्षसम्म, १४ वर्ष देखि १६ वर्ष सम्म १२ वर्ष देखि १४ वर्ष र १६ वर्ष देखि १८ वर्ष भन्दा कम भए १० वर्ष देखि १२ वर्ष सम्म र अठार वर्ष उमेर भन्दा बढी भए ७ देखि १० वर्ष सम्म कैद र मनासिब क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ । सामूहिक रुपमा जबरजस्ती करणी भए वा गर्भवती, अशक्त महिला एवं हात हतियार देखाई करणी गरेको ठहरे ५ वर्ष थप सजाय हुने व्यवस्था छ । आफ्नो संरक्षणमा रहेको र सुरक्षामा रहेको व्यक्तिसँग जबरजस्ती करणी भएमा ३ वर्ष सम्म थप सजाय हुने व्यवस्था गरेको छ । यस अपराधमा १ वर्ष भित्र उजूर गर्नु पर्ने, हदम्याद छ भने पीडितको नाम गोप्य रहने, पीडितको अवस्था हेरी आवश्यक क्षतिपूर्ति र सुरक्षा समेत गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

यौन दुर्व्यवहार सम्बन्धी अपराध :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा २२४ मा यौन दुर्व्यवहार गर्न नहुने भनि व्यवस्था गरेको छ । ऐ. (२) ले कसैले आफ्नो पति वा पत्नी वाहेक अन्य व्यक्तिलाई निजको मन्जूरी बिना करणीका आशयले समातेमा वा निजको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा निजलाई अस्वभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन समाउन लगाएमा, निजसँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, मौखिक, लिखित वा सांकेतिक रुपमा वा विद्युतिय माध्यमबाट प्रयोग गरेमा अश्लील चित्र वा तस्बीर देखाएमा यौनको मनसायले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग अस्वभाविक, अवान्छीत वा अमर्यादित व्यवहार गरेमा यौन दुर्व्यवहार गरेको मानिने छ भनी परिभाषा गरेको छ । यस्तो कसुरमा ३ वर्ष सम्म कैद तीस हजार रुपैया सम्म जरिवाना हुने कानूनी व्यवस्था छ भने तीन महिना भित्र उजूर गर्नु पर्दछ

बाल यौन दुरुपयोग सम्बन्धी अपराधः

जन्म सँग-सँगै बालबालिकाहरुको वृद्धि विकास क्रमैसँग शुरु हुन्छ, बढ्दो उमेर साथ शारीरिक रुपमा (लैङ्गिक) अंगहरु विकसित हुँदै जाने गर्दछन् । बालबालिकको अंगको विकास साथमा मानसिक रुपमा विकास हुँदै जाँदा यस्ता बालबालिका माथि यौनजन्य क्रियाकलापले मानसिक असर पर्न गई उनीहरुको मानसिक रुपमा सिक्ने आफू सक्षम हुने अवसरमा आघात पर्न गई भविष्य नै खतरामा पर्न सक्ने भएकोले राज्यले कानून बनाई बालबालिका माथि दुराचार गर्ने कार्यलाई अपराध भनेको हुन्छ । मुलुकी फौजदारी (संहिता) ऐन २०७४ को दफा २५ मा यसको व्यवस्था गरेको छ, जसमा "कसैले करणीका आशयले बालबालिकालाई अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अंग छोएमा, वा समातेमा यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौन जन्य अस्वभाविक व्यवहार गरेमा बालयौन दुराचार भएको भनिने छ र यस्तो कसुरमा तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिवाना हुने कानूनी व्यवस्था छ । त्यस्तो कसुर भएको कुरा थाहा पाएको मितिले ३ महिना भित्र उजूर गर्नु पर्ने हुन्छ ।

बाल विवाह सम्बन्धी अपराध

हाम्रो कतिपय समाजमा बालविवाह परम्परा देखि हुने गरेको छ र त्यो यदाकदा भइरहेको देखिन्छ । कानूनले बीस वर्ष उमेर नपुगी विवाह गर्न हुँदैन भनेको छ । विशेषतः बालबालिकाको बीस वर्ष सम्मको उमेर उसले सिकाई

सिक्ने, मानसिक रुपमा विकसित हुने परिपक्क हुने र शारीरिक रुपमा अंगको विकास हुने समय भएकोले उमेर नपुगी विवाह गर्दा शारीरिक, मानसिक, असर पुग्ने भई बाँकी जीवन स्वस्थ हुन नपाउने हुँदा बालविवाहलाई कानूनले निषेध गरेको छ । यो अपराधको सम्बन्धमा मुलुकी फौजदारी (संहिता) ऐन २०७४ को दफा १७३ मा व्यवस्था गरेको छ । विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । बीस वर्ष नपुगी भएको विवाह स्वतः बदर हुन्छ । यस्तो कसुर गरेमा गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिवाना हुन्छ, यस्तो कार्य थाहा पाएको मितिले ३ महिना भित्र उजूर गर्नु पर्छ ।

घरेलु हिंसा सम्बन्धी अपराध

मानिसको सर्वोत्तम खुशी, सुखी र शान्त वातावरणमा बाँच्न पाएर हुन्छ, खुशी र सुख भनेको व्यक्तिको सुरक्षीत र सम्मानजनक तवरले बाँच्न पाउने अधिकार हो । घर परिवार भित्र वा घरपरिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई नियन्त्रण गरी पीडितलाई संरक्षण गर्न घरेलु हिंसा सम्बन्धी ऐन २०६६ बनेको छ । विशेष गरी घरेलु सम्बन्ध भएका व्यक्ति बीच हुने शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना समेतबाट हुने पीडा नै घरेलु हिंसा हो । कानूनले विशेषतः (१) शारीरिक यातना (२) मानसिक यातना (३) यौनजन्य यातना र (४) आर्थिक यातना भनी चार भागमा विभाजन गरी परिभाषित गरेको छ ।

१) **शारीरिक यातना** भन्नाले कुटपिट गर्ने, गैरकानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाब वा त्यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, डामी, दली, धसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारी दिने वा यस्तै कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

२) **'मानसिक यातना** भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ ।

३) **'यौनजन्य यातना** भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साही वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षीत यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।

४) **आर्थिक यातना** भन्नाले संगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ ।

उजूरी कानूनी प्रकृया सम्बन्धी व्यवस्थाः घरेलु हिंसा सम्बन्धी ऐनको दफा ४ ले उजूरी सम्बन्धी व्यवस्था गरेको छ । जसमा :

(१) घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुनेछ ।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(५) स्थानीय तहमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घाउ जाँच गराउनु पर्नेछ । स्थानीय तहले गराएको घाउ जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय तहले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

(१०) प्रहरी कार्यालय वा स्थानीय तहले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तहले उजुरीकर्ताको सहमती भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ ।

दण्ड सजाय सम्बन्धी व्यवस्था: ऐनको दफा १३ ले सजाय सम्बन्धी व्यवस्था गरेको छ, जसमा :

(१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

उजूर गर्नु पर्ने हदम्याद : यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ ,

यी अपराधहरु मानवता विरुद्धका अपराध हुन, त्यसैले उल्लेखित अपराधहरु विरुद्ध एकजुट हौं ।

- महिला, बालबालिका पीडित हुने सबै प्रकारका अपराध विरुद्ध एकमतले आवाज उठाऔं
- अपराध हुन लागेको, भइरहेको, सूचना तत्काल सम्बन्धित निकायलाई उपलब्ध गराऔं
- घरेलु हिंसा, मानव शरीरमा लाग्ने (क्यानसर) कडा रोग जस्तै हो, हिंसा पीडितले हिंसा नलुकाऔं, हिंसाबाट हुने पीडा विरुद्ध आवाज उठाऔं ।
- कानून हाम्रो सुरक्षाका लागि हो, कानूनको प्रयोग गरौं, गराऔं ।
- हिंसामा पीडितको संरक्षण गरौं, हिंसा पीडितलाई संरक्षण गर्न एकजुट हौं ।
- सबै प्रकारका अपराधको जानकारी भएमा सूचना दियौं, किनकी सूचना दिने व्यक्तिको नाम गोप्य रहन्छन् ।
- हिंसा, विरुद्ध एकमतले आवाज उठाऔं ।
- महिला, बालबालिका हुने अपराध, हिंसाजन्य कार्य विरुद्ध एकमतले आवाज उठाऔं।
- पीडिकलाई सजाय दिलाऔं, पीडितलाई न्याय दिई संरक्षण गरौं ।
- अतः महिला, बालबालिका विरुद्ध हुने सबैखाले अपराध विरुद्ध आवाज उठाऔं ।

आवाजमा आवाज थपौं ,एक जुट भई कोहलपुर नगरपालिकाको अभियान हिंसा रहित शान्तिपूर्ण समाज निर्माणमा जुटौं ।

कोहलपुर नगरपालिका
कोहलपुर ,बाँके